# बोगटान फुडसिल गाउँपालिका

## डोटी

गाउँपालिका अध्यक्ष श्री कमल बहादुर गडसिलाज्यू द्धारा
गाउँशभाको २१ औ अधिवेशनमा पेश गर्नु भएको आर्थिक बर्ष
२०८३/२०८४ को नीति तथा कार्यक्रम

कमल बहादुर गडसिला
अध्यक्ष

# नीति तथा कार्यक्रम २०८३/८४

यस गरिमामय २१ औं गाउँसभामा उपस्थित उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू वडा अध्यक्षज्यूहरू, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू,राष्ट्रसेवक कर्मचारीहरू,सुरक्षा निकायका प्रतिनिधिहरू,सञ्चारकर्मी मित्रहरू,तथा यहाँ उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरू ।

आज हामी बोगटान फुडसिल गाउँपालिकाको २१ औं गाउँसभाको अधिवेशनमा सहभागी भई गाउँपालिकाको समग्र विकास, सुशासन र समृद्धिका लागि महत्वपूर्ण नीति तथा कार्यक्रम तय गर्ने ऐतिहासिक अवसरमा उपस्थित भएका छौं । यस महत्वपूर्ण अवसरमा गाउँपालिकाको तर्फबाट आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको अनुभव गर्दछु।

यस अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा सामाजिक रूपान्तरणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै राष्ट्र निर्माण तथा स्थानीय विकासमा योगदान पुऱ्याउनु भएका अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा गाउँपालिकाका जनप्रतिनिधि, बुद्धिजीवी, नागरिक समाज, विभिन्न संघसंस्था तथा सम्पूर्ण पालिकाबासीहरूबाट प्राप्त सुझाव, सल्लाह र सहयोगप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प समस्त गाउँपालिका बासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८३।८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकास गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

बोगटान फुडसिल गाउँपालिकाले सीमित स्रोत साधनका बाबजुद नागरिकको जीवनस्तर सुधार गर्ने उद्देश्यले विभिन्न क्षेत्रहरूमा उल्लेखनीय प्रगति हासिल गर्न सफल भएको छ। जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला निकाय तथा सम्पूर्ण पालिकाबासीहरूको सहकार्यबाट हासिल भएका केही प्रमुख उपलब्धिहरू यसप्रकार रहेका छन् ।

कमल बहादुर गडसिला
अध्यक्ष

## क. आर्थिक बिकास

१. कृषिको उत्पादकत्व बढाउन किसानहरुलाई विभिन्न कृषि सामग्री तथा बिउ बिजन वितरण गरिएको छ।

२. पशुपालन प्रवर्द्धनका लागि पशु स्वास्थ्य शिविर तथा खोप कार्यक्रम सञ्चालन गरिएको छ।

३. कृषकहरूको आयआर्जन वृद्धि गर्ने उद्देश्यले व्यावसायिक कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गरिएको छ।

४. पशुपालन क्षेत्रको विकास तथा कृषकहरूको आयआर्जन वृद्धि गर्ने उद्देश्यले बाख्रा पालन गर्ने कृषकहरूलाई खोर निर्माणका लागि अनुदान उपलब्ध गराइएको छ।

५. पशुपालन क्षेत्रको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले गोठालोहरूलाई प्रोत्साहन स्वरूप गोठालो प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ।

६. कृषिको आधुनिकीकरण तथा उत्पादन वृद्धि गर्ने उद्देश्यले विभिन्न बाली तथा पशुपालनका पकेट क्षेत्रहरूको पहिचान गरी पकेट क्षेत्र विकास कार्यक्रम लाई निरन्तरता दिईएको छ।

७. प्रदेश सरकारसँगको समन्वय तथा सहकार्यमा कृषि तथा पशुपालन क्षेत्रको विकास, उत्पादन वृद्धि तथा कृषकहरूको आयआर्जन अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ।

८. विदेशबाट फर्केका नागरिकहरूको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्नुका साथै उनीहरूको तथ्याङ्क संकलन कार्य गरिएको छ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय बेरोजगार नागरिकहरूलाई न्यूनतम रोजगारी उपलब्ध गराउने उद्देश्यले विभिन्न सार्वजनिक निर्माण तथा श्रममूलक कार्यहरू सञ्चालन गरिएको छ।

१०. स्थानीय स्तरमा स्वरोजगार तथा आयआर्जनका अवसर सिर्जना गर्ने उद्देश्यले उद्यम विकास कार्यक्रम सञ्चालन गरिएको छ।

११. पर्यटन प्रवर्द्धन तथा स्थानीय पर्यटन विकासलाई टेवा पुऱ्याउने उद्देश्यले पर्यटन बोर्ड र प्रदेश सरकारसँगको सहकार्यमा सेती-कर्णाली महाशीर एङ्गलिङ च्यालेन्ज प्रतियोगिता आयोजना गरी संम्पन्न गरिएको छ।

## ख. सामाजिक बिकास

१२. गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरूको सेवा सुदृढीकरण गरिनुका साथै आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको आपूर्ति सुनिश्चित गरिएको छ।

१३. नियमित खोप सेवा तथा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिएको छ।

कमल बहादुर गडसिला
अध्यक्ष

१४.समुदाय स्तरमा स्वास्थ्य शिविरहरू सञ्चालन गरी नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराइएको छ।

१५.विद्यालयहरूमा शैक्षिक सामग्री तथा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिएको छ।

१६.विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना गराउने अभियान सञ्चालन गरिएको छ।

१७.शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षक तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ।

१८.सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार सुधारका लागि भवन, कक्षाकोठा तथा शौचालयको निर्माण तथा मर्मत कार्य सम्पन्न गरिएको छ।

१९.महिला, दलित, जनजाति, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिएको छ।

२०.महिलासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत बिभिन्न जनचेतनामूलक कार्यक्रमहरु संचालन भएका छन।

२१.बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिइएको छ।

२२.न्यायिक समिति तथा मेलमिलापकर्ताहरूको माध्यमबाट प्राप्त विभिन्न उजुरीहरूको आवश्यक छानबिन गरी कानुन बमोजिम किनारा लगाउने कार्य सम्पन्न गरिएको छ।

२३. युवाहरूको क्षमता विकास तथा खेलकुद गतिविधि सञ्चालन गरिएको छ।

**ग. भौतिक पूर्वाधार**

२४.सडक संजालबाट सम्पूर्ण टोलहरुलाई जोड्ने कार्य भएको छ। र विभिन्न स्थानमा ट्र्याक खोल्ने तथा सडकको स्तरोन्नतिका कामहरु भईरहेका छन्।

२५.प्रदेश सरकारद्वारा निर्माण गरिरहेको टुणागाड पुलको निर्माण कार्यलाई समयमै सम्पन्न गर्न तथा प्रभावकारी रूपमा अघि बढाउन सम्बन्धित ठेकेदार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहजीकरण गरिएको छ।

२६.खानेपानी आयोजनाहरूको निर्माण तथा मर्मत सम्भार गरी सुरक्षित खानेपानी सेवाको पहुँच विस्तार गरिएको छ।

२७.गाउँपालिकाको मुख्य प्रशासनीक भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

२८.नेपाल सरकारसँगको समन्वय तथा सहकार्यमा नेपाल विद्युत प्राधिकरणद्वारा राष्ट्रिय प्रसारण लाइन विस्तार कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाइएको छ।

कमल बहादुर गडसिला
अध्यक्ष

CamScanner

**घ. बन वातावरण तथा बिपद व्यवस्थापन**

२९.बाढी, पहिरो तथा अन्य प्राकृतिक विपदको जोखिम न्यूनीकरणका लागि आवश्यक तयारी तथा राहत व्यवस्थापन गरिएको छ।

३०.आगलागीजन्य जोखिम न्यूनीकरणका लागि आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै पूर्वतयारी तथा सुरक्षात्मक उपायहरू अपनाइएको छ।

३१.विभिन्न सरोकारवाला संघ-संस्थाहरूसँगको सहकार्य तथा समन्वयमा विपद् व्यवस्थापन सम्बन्धी कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

३२.विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणका कार्यलाई प्रभावकारी बनाउन आवश्यक ट्र्याक्टर खरिद गरी सञ्चालनमा ल्याइएको छ।

**ङ. सुशासन तथा संस्थागत विकास**

३३.गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन विभिन्न सुधारात्मक कदम चालिएको छ।

३४.सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा अनुगमन कार्यक्रम सञ्चालन गरिएको छ।

३५.राजस्व संकलन प्रणालीलाई सुदृढ बनाउँदै वित्तीय अनुशासन कायम गरिएको छ।

३६.नीति, नियम तथा कार्यविधिहरू निर्माण र अद्यावधिक गरी कार्यान्वयनमा ल्याइएको छ।

३७.आवश्यक पर्ने प्राविधिक लगायत अन्य जनशक्तिको व्यवस्था गरी कार्यसम्पादनलाई प्रभावकारी बनाइएको छ।

३८. संस्थागत क्षमता अभिवृद्धिका लागि कर्मचारी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।

**गाउँसभाका सदस्यज्यूहरू,**

उल्लेखित उपलब्धिहरूले बोगटान फुडसिल गाउँपालिकाले सीमित स्रोत र साधनका बाबजुद पनि सेवा प्रवाह, पूर्वाधार विकास, सामाजिक न्याय र आर्थिक समृद्धिको दिशामा महत्वपूर्ण प्रगति गरेको स्पष्ट देखाउँछ।

यद्यपि हासिल भएका उपलब्धिहरू सन्तोषजनक भए तापनि अझै धेरै कार्यहरू गर्न बाँकी रहेको यथार्थलाई आत्मसात गर्दै आगामी आर्थिक वर्षमा ती उपलब्धिहरूलाई संस्थागत गर्दै अझ प्रभावकारी, परिणाममुखी र दिगो विकासतर्फ केन्द्रित हुने आवश्यकता रहेको छ।

यस सन्दर्भमा, अब म आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमका प्रमुख प्राथमिकता र कार्यक्रमहरू यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु।

कमल बहादुर गडसिला
अध्यक्ष

## क. आर्थिक विकास

१. कृषि तथा पशुपालन क्षेत्रलाई थप व्यवसायीकरण गर्दै उत्पादनमा आधारित अनुदान प्रणालीलाई प्रभावकारी बनाइनेछ।

२. "एक वडा एक विशेष उत्पादन" अवधारणालाई विस्तार गर्दै उत्पादन पकेट क्षेत्रलाई थप सुदृढ र ब्रान्डिङ गर्ने नीति लिइनेछ।

३. बाख्रापालन गर्ने किसानहरुका लागि प्रदान गरिदै आएको अनुदान लाई निरन्तरता दिई व्यवसायिक बाख्रापालनलाई जोड दिइनेछ।

४. व्यवसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, सडक, विद्युतीकरण, कृषि बजार, शित भण्डारहरुको पूर्वाधार निर्माण गरिनेछ।

५. उन्नत नश्ल सुधार, पशु स्वास्थ्य सेवा, खोप कार्यक्रम र भेटेरिनरी सेवा घरदैलोमै उपलब्ध गराइनेछ।

६. सहकारी संस्थामार्फत कृषि, पशुपालन र साना उद्योगमा लगानी प्रवर्द्धन गरिनेछ।

७. कृषि क्षेत्रमा यान्त्रिकीकरण र आधुनिक प्रविधि प्रवर्द्धन गरिनेछ।

८. सिंचाइ सुविधा विस्तारका लागि लघु सिंचाइ, सौर्य सिंचाइ तथा पानी संकलन प्रणालीलाई प्राथमिकता दिइनेछ।

९. "किसान सूचीकरण" प्रणालीलाई डिजिटलाइज गर्दै कृषि तथ्यांक अद्यावधिक गरिनेछ।

१०. बाँझो जग्गालाई उपयोगमा ल्याई कृषिजन्य उत्पादन वृद्धि गर्न व्यवसायिक खेती, नगदे वाली घाँसखेती लगायतका अन्य जडिवुटी प्रवर्द्धन कार्यक्रमलाई विशेष सहयोग उपलब्ध गराई "जग्गा बाँझो नराखौ" भन्ने अभियान संचालन गरिनेछ।

११. स्थानीय उत्पादनको ब्रान्डिङ, प्याकेजिङ र लोगो विकास गरी बजार पहुँच विस्तार गरिनेछ।

१२. कृषक तथा पशुपालक किसानलाई अपनत्व बोध गराउन गाउँपालिकाबाट प्रदान गरिने अनुदानलाई लागत सहभागिताको आधारमा वितरण गरिने व्यवस्था मिलाईने छ।

१३. उन्नत जातको गाई भैंसी उत्पादन गरी दुग्ध उत्पादनमा वृद्धि गर्न मागमा आधारित विभिन्न जातको घाँसको बिउ र बेर्ना वितरण गर्ने व्यवस्था मिलाइनेछ।

१४. पशुपालक कृषकहरूको क्षमता विकास तथा नयाँ प्रविधिको बारेमा जानकारी दिनको लागि विभिन्न किसिमको तालिम, अन्तर्क्रिया, गोष्ठी, दिवस, प्रदर्शनी र अध्ययन अवलोकन जस्ता कार्यहरु सञ्चालन गरिनेछ।

कमल बहादुर गडसिला
अध्यक्ष

बोगटान फुडसिल गाउँपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश नेपाल सरस्वतीतारा डोटी २०७३

१५. सिचाईको पहुँच पुर्याउन साना सिंचाई योजना तथा पोखरी मर्मत तथा विस्तार गरि सिंचित क्षेत्रफलको विस्तार गरिदै लगिनेछ ।

१६. कृषकको योगदानलाई सम्मान गर्दै कृषकको मनोवल उच्च राख्न तथा कृषिलाई आकर्षक एवं सम्मानित पेशाका रुपमा स्थापित गर्न पुरुस्कारको व्यवस्था गरिनेछ ।

१७. कृषि तथा पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण सम्बन्धमा रोकथाम तथा नियन्त्रणको नीति अबलम्बन गरिनेछ ।

१८. मौरीपालनलाई व्यवसायीकरण गर्दै मौरी घार, प्राविधिक तालिम तथा बजार पहुँचको व्यवस्था मिलाइनेछ ।

१९. अदुवा खेतीको उत्पादन वृद्धि गर्न उन्नत बीउ, प्रविधि हस्तान्तरण, प्रशोधन तथा बजारीकरणमा विशेष सहयोग उपलब्ध गराइनेछ ।

२०. सुन्तलाजन्य फलफूल, ओखर तथा आँपजस्ता उच्च मूल्यका फलफूलहरूको व्यवसायिक उत्पादन वृद्धि गर्न विशेष फलफूल विकास कार्यक्रम सञ्चालन गरिनेछ। यसअन्तर्गत उन्नत जातका बिरुवा वितरण, बगैंचा स्थापना, रोग-कीरा व्यवस्थापन, सिँचाइ सुविधा विस्तार तथा बजारीकरणमा सहयोग उपलब्ध गराइनेछ ।

२१. तरकारी उत्पादनलाई आत्मनिर्भर र व्यवसायिक बनाउन उन्नत बीउ तथा प्रविधिको प्रयोग, साना सिँचाइ सुविधा विस्तार, प्लास्टिक टनेल तथा हाइटेक खेती प्रवर्द्धन, जैविक मलको उपयोग र बजार पहुँच सुधारमा विशेष जोड दिइनेछ ।

२२. स्थानीय तहमा गुणस्तरीय कृषि उत्पादन वृद्धि गर्न "बीउ उत्पादन तथा आपूर्ति कार्यक्रम" सञ्चालन गरिनेछ । यसअन्तर्गत धान, गहुँ, मकै लगायतका प्रमुख बालीका उन्नत तथा प्रमाणित बीउ उत्पादन, बीउ स्रोत केन्द्रको विकास, किसान समूह तथा सहकारीमार्फत बीउ उत्पादन प्रवर्द्धन र गुणस्तर परीक्षण तथा वितरण प्रणालीलाई सुदृढ गरिनेछ ।

२३. राष्ट्रीय रोजगार कार्यक्रमलाई उत्पादनसँग जोडिनेछ ।

२४. वैदेशिक रोजगारबाट फर्किएका युवाको सीप उपयोग गर्दै स्थानीय उद्यममा लगानी प्रोत्साहन गरिनेछ।

२५. बेरोजगारहरुको सम्भावित पक्तिलाई सूचिकरण गरी व्यवसायिक कृषि, भौतिक पूर्वाधार, स्थानिय पूर्वाधार निर्माण र सेवा क्षेत्रमा परिचालन गरिनेछ ।

२६. राष्ट्रीय रोजगार रोजगार कार्यक्रम मार्फत सूचिकृत भएका बेरोजगार व्याक्तिहरुलाई श्रममा आधारित न्यूनतम रोजगारीमा संलग्न गराइनेछ ।

बोगटान फुडसिल गाउँपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश नेपाल सरस्वतीतारा डोटी २०७३

कमल बहादुर गडसिला
अध्यक्ष

CamScanner

२७. विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा, व्ययवसाय, उद्योग, कृषि लगायतको क्षेत्रका रोजगारदातासँग सम्न्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिने छ।

२८. गाउँपालिकाभित्र रहेका बेरोजगार युवा, महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदायलाई लक्षित गरी लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरी स्वरोजगार तथा आयआर्जनका अवसरहरू सिर्जना गरिनेछ।

२९. संघीय मन्त्रालयबाट संचालनमा ल्याएको श्रम संसार प्रणालीसंग आबद्ध गरि रोजगार सम्बन्धी सुचना प्रणाली संचालनमा ल्याईनेछ।

३०. स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थ, सीप र स्रोत साधनमा आधारित घरेलु तथा साना उद्योगहरू स्थापना र विस्तार गर्न प्रोत्साहन गरिनेछ।

३१. महिला तथा युवा उद्यमीहरूलाई लक्षित गरी समूहमा आधारित उद्यम स्थापना तथा सञ्चालनलाई विशेष प्राथमिकता दिइनेछ।

३२. गाउँपालिकाभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरूलाई सुदृढ, पारदर्शी र सदस्य मैत्री बनाउँदै स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउने दिशामा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

३३. उत्पादन, प्रशोधन, बचत तथा ऋण, कृषि, पशुपालन लगायतका क्षेत्रमा उत्पादनमूलक सहकारी संस्थाहरूको स्थापना र सुदृढीकरण गरिनेछ।

३४. सहकारी संस्थाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी सुशासन प्रवर्द्धन गरिनेछ।

३५. गाउँपालिकाभित्र रहेका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, प्रवर्द्धन तथा विकास गरी पर्यटन क्षेत्रलाई स्थानीय आर्थिक विकासको महत्वपूर्ण आधारको रूपमा विकास गरिनेछ।

३६. सम्भावनायुक्त पर्यटन स्थलहरूको पहिचान, संरक्षण तथा पूर्वाधार विकास गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

३७. स्थानीय संस्कृति, परम्परा, भेषभूषा, कला तथा परिकारहरूको संरक्षण र प्रवर्द्धन गर्दै सांस्कृतिक पर्यटन विकासमा जोड दिइनेछ।

३८. गाउँपालिकाभित्र रहेका धार्मिक तथा प्राकृतिक स्थलहरूमा पर्यटन पूर्वाधार जस्तै पदमार्ग, विश्राम स्थल, सूचना बोर्ड, सरसफाइ तथा आवश्यक सुविधा विस्तार गरिनेछ।

कमल बहादुर गडसिला
अध्यक्ष

CamScanner

३९. सम्भावित स्थानहरूमा होमस्टे कार्यक्रम सञ्चालन तथा विस्तार गरी समुदायमा आधारित पर्यटन प्रवर्द्धन गरिनेछ।

४०. पर्यटन क्षेत्रको विकासका लागि संघीय तथा प्रदेश सरकार, निजी क्षेत्र र सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ।

## ख. सामाजिक विकास

४१. गाउँपालिकाभित्रका विद्यालयहरूमा गुणस्तरीय, समावेशी तथा प्रविधिमैत्री शिक्षा प्रणालीको विकास गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।

४२. विद्यालयहरूमा भौतिक पूर्वाधार सुधार, कक्षाकोठा व्यवस्थापन, शौचालय, खानेपानी तथा सुरक्षित विद्यालय वातावरणको विकास गरिनेछ।

४३. शिक्षकहरूको क्षमता अभिवृद्धि, तालिम तथा पेशागत विकास कार्यक्रम सञ्चालन गरी शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

४४. विद्यालयमा सूचना प्रविधिमा आधारित शिक्षा प्रणाली (ICT) को प्रयोग विस्तार गर्दै डिजिटल शिक्षण सिकाइलाई प्रोत्साहन गरिनेछ।

४५. विपन्न, दलित, अपाङ्गता भएका, जेहेन्दार तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

४६. विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको सहभागिता बढाई विद्यालय व्यवस्थापन तथा शैक्षिक सुशासन सुदृढ गरिनेछ।

४७. प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रवर्द्धन गर्दै स्थानीय आवश्यकता र रोजगारीसँग जोडिएको सीपमूलक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

४८. विद्यालयहरूमा बालमैत्री वातावरण, खेलकुद, अतिरिक्त क्रियाकलाप तथा सिर्जनात्मक गतिविधिहरू प्रवर्द्धन गरिनेछ।

४९. शिक्षा क्षेत्रको विकासका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

५०. सर्वसुलभ गुणस्तरीय शिक्षाको अवधारणा बमोजिम शिक्षा क्षेत्रलाई अगाडी बढाइनेछ। विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई "विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने" कार्यलाई प्रोत्साहनमूलक कार्यक्रम सहित अभियानका रुपमा संचालन गरिनेछ।

५१. पूर्व प्राथमिक कक्षा देखि कक्षा ३ सम्म रमाइलो र सजावट युक्त वालमैत्री कक्षा व्यवस्थापन गर्न आवश्यक पहल गरिने छ।

कमल बहादुर गडसिला
अध्यक्ष

५२. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातका आधारमा विषयगत दरबन्दी अनुसार शिक्षकहरुको व्यवस्थापन गरिनेछ । शिक्षकहरुको विज्ञताको उच्च कदर एवं विद्यालयको आवश्यकताको महशुस गर्दै शिक्षकहरुलाई दरबन्दी अनुसार गाउँपालिका भित्र कामकाजमा खटाउने नीति लिइनेछ ।

५३. स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" अभियानलाई सार्थक बनाउन बोगटान फुडसिल गाउँपालिका अन्तर्गत खेलका खेल पूर्वाधार निर्माणको कार्य गरिनेछ । युवाहरुलाई खेलकुद तर्फ प्रोत्साहित गर्न विद्यालय स्तरीय, वडा स्तरिय तथा पालिका स्तरिय खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

५४. प्रत्येक वडामा एउटा माध्यमिक बिद्यालयलाई पालिकाको नमुना बिद्यालय घोषणा गरि आवासिय शुविधा समेत प्रदान गरिनेछ ।

५५. यस पालिकामा बसोबास गर्ने जनजातीहरुको भाषालाई प्रबन्धन गर्न बिद्यालयगत रुपमा स्थानीय पाठ्यक्रम निर्माण गरि लागु गरिनेछ ।

५६. विद्यालयको शैक्षिक गुणस्तर परिक्षण सिकाई उपलब्धि वृद्धी र प्रविधिमैत्री शिक्षणलाई आधार मानी उत्कृष्ट विद्यालय र शिक्षकहरुको मूल्यांकन गरी पुरस्कृत गरिने व्यवस्था मिलाइनेछ साथै अनुभव आदानप्रदानका लागि अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

५७. विद्यालयमा अध्ययनरत सबै छात्राहरुलाई निःशुल्करुपमा उपलब्ध गराउँदै आईरहेको आवश्यक पर्ने सेनेटरी प्याड वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

५८. गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय, सुलभ तथा प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था सुदृढ गरिनेछ ।

५९. स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार, उपकरण तथा आवश्यक जनशक्ति व्यवस्थापनमा जोड दिइनेछ ।

६०. नागरिकहरूलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा, खोप सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवा तथा पोषण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

६१. दुर्गम बस्तीका नागरिकहरूलाई स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

६२. गर्भवती महिला, सुत्केरी तथा नवजात शिशुको स्वास्थ्य सुरक्षाका लागि सुरक्षित मातृत्व तथा पोषण कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

कमल बहादुर गडसिला
अध्यक्ष

६३. सरुवा तथा नसर्ने रोगहरूको नियन्त्रण, स्वास्थ्य सचेतना तथा रोकथामका लागि स्वास्थ्य शिक्षा तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

६४. आयुर्वेदिक तथा वैकल्पिक उपचार सेवाको प्रवर्द्धन गर्दै आयुर्वेदिक स्वास्थ्य सेवाको विकास गरिनेछ।

६५. स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा सेवा गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।

६६. पालिकामा रहेका स्वास्थ्य ईकाईहरुलाई स्वास्थ्य चौकीहरुमा मर्ज गर्ने नीति लिईनेछ।

६७. स्वास्थ्य क्षेत्रको विकासका लागि संघीय तथा प्रदेश सरकार तथा सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ।

६८. विपद्, महामारी तथा आपतकालीन स्वास्थ्य समस्याको व्यवस्थापनका लागि आपतकालीन स्वास्थ्य तयारी तथा प्रतिकार्य प्रणाली सुदृढ गरिनेछ।

६९. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइनेछ।

७०. आँखा अपरेशन, पाठेघर सम्बन्धी रोग जस्ता रोगहरुको उपचारका लागि आवश्यकता अनुसार प्रत्येक वडामा घुम्ती शिविर संचालन गरिनेछ।

७१. आर्थिक रुपमा अति विपन्न नागरिकहरुको स्वास्थ जाँच र उपचारका लागि अस्पताल लैजान-ल्याउन एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ। पालिका अन्तर्गतका बर्थिङ सेन्टरमा सुत्केरी हुन नसकेका महिलाहरुलाई अन्यत्र स्वास्थ्य संस्था वा अस्पताल लैजादा निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्थापन लाई निरन्तरता गरिनेछ।

७२. महिला स्वयंसेविकाहरुको क्षमता विकासको लागि तालिम उपलब्ध गराई नागरिकको घरदैलोमा स्वास्थ्य सेवा पुर्याउन महिला स्वयंसेविकाहरुलाई परिचालन गरिनेछ।

७३. खोप तथा गाउँघर क्लिनिक संचालन गर्न आवश्यक पर्ने भवन निर्माणका लागि पहल गरिनेछ।

७४. महिला स्वास्थ्य स्वयम सेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाउन कार्यसम्पादनको आधारमा प्रोत्साहन गरिनेछ। महिला स्वास्थ्य स्वयंम सेविकाहरुले गरेको योगदानको उच्च मूल्याङ्कन गर्दै महिला स्वास्थ्य स्वयंम सेविकाकाहरुलाई सम्मानको ब्यवस्था गरिनेछ।

कमल बहादुर गडसिला
अध्यक्ष

**गाउँसभाका सदस्य ज्यूहरु,**

७५. गाउँपालिकाभित्रका सबै नागरिकलाई स्वच्छ, सुरक्षित तथा दिगो खानेपानी सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

७६. खानेपानीका स्रोतहरूको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

७७. गाउँपालिकाभित्र रहेका खानेपानी योजनाहरूको मर्मत सम्भार, स्तरोन्नति तथा विस्तार गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

७८. विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलहरूमा स्वच्छ खानेपानी, शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था सुदृढ गरिनेछ।

७९. फोहोरमैला व्यवस्थापन, सरसफाइ तथा वातावरण संरक्षणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

८०. गाउँपालिकाभित्र महिला सशक्तिकरण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

८१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको अधिकार संरक्षण, सुरक्षा तथा सम्मानजनक जीवन सुनिश्चित गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८२. महिलाहरूको आर्थिक सशक्तिकरणका लागि सीप विकास तालिम, आयआर्जन तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

८३. बालविवाह, लैङ्गिक हिंसा, घरेलु हिंसा तथा बालश्रम जस्ता सामाजिक कुरीतिहरूको अन्त्यका लागि जनचेतनामूलक तथा कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

८४. ज्येष्ठ नागरिकहरूको सम्मान, स्वास्थ्य हेरचाह तथा सामाजिक सुरक्षा सुनिश्चित गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८५. अपाङ्गता भएका व्यक्ति, एकल महिला, ज्येष्ठ नागरिक तथा बालबालिकालाई लक्षित गरी विशेष सहयोग तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

८६. गाउँपालिकालाई बालमैत्री तथा लैङ्गिकमैत्री स्थानीय शासनको रूपमा विकास गर्न आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

८७. अपाङ्ग, जेष्ठ नागरिक परिचयपत्र घुम्ती शिविर सञ्चालन गरी वडास्तर बाट वितरण गरिने व्यवस्था मिलाईनेछ।

कमल बहादुर गडसिला
अध्यक्ष

CamScanner

८८. गाउँपालिकाभित्र बालश्रम पूर्ण रूपमा निषेध गर्दै जोखिममा रहेका बालबालिकाको पहिचान, उद्धार, पुनर्स्थापना तथा निःशुल्क र अनिवार्य शिक्षामा पहुँच सुनिश्चित गर्न कडा अनुगमन र कार्यविधि निर्माण गरि कार्यान्वयन गरिनेछ।

८९. महिलाहरुको सशक्तिकरणका लागी "महिलासँग उपाध्यक्ष कार्यक्रम मार्फत विपन्न, बेरोजगार, पिछडिएका महिलालाई उद्यमि बनाउनको लागि सिपमुलक तालिम प्रदान गर्नुका साथै आवश्यक प्रविधि एवम् उपकरणहरु सहयोग गरिने व्यवस्था मिलाइनेछ।

९०. गाउँ भित्रका महत्वपूर्ण गन्तव्य स्थलको रुपमा रहेको बोगटान फुडसिल क्षेत्रको इतिहास, भूगोल, धर्म र संस्कृति झल्कने खालका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ।

९१. पर्यटन पूर्वाधार निर्माण र प्रचार प्रसार गर्न बोगटान फुडसिल गाउँपालिकामा आदिवासी जनजातिको रुपमा बसोबास गर्दै आएका समुदायको संस्कृतिको संरक्षण र संबर्धन गर्न आवश्यक कार्यक्रम आयोजना गरिनेछ।

## ग. पूर्वाधार बिकास

९२. गाउँपालिकाभित्रका मुख्य तथा सहायक सडकहरूको स्तरोन्नति, विस्तार तथा नियमित मर्मत सम्भार गरी आवागमनलाई सहज र सुरक्षित बनाइनेछ।

९३. ग्रामीण सडकहरूको स्तरोन्नति, ग्राभेल तथा आवश्यक स्थानमा कालोपत्रे गर्ने कार्यक्रम क्रमशः अगाडि बढाइनेछ।

९४. सडक निर्माणका क्रममा नाली, ढल निकास, पर्खाल तथा भू–क्षय नियन्त्रणका संरचनाहरू निर्माण गरी सडकको दिगोपन सुनिश्चित गरिनेछ।

९५. सडक निर्माण तथा मर्मत कार्यमा गुणस्तर, पारदर्शिता तथा प्रभावकारी अनुगमन प्रणालीलाई सुदृढ गरिनेछ।

९६. गाउँपालिकाभित्रका कृषि उत्पादन हुने क्षेत्र, बजार तथा सेवा केन्द्रहरूलाई सडक सञ्जालसँग जोड्दै आर्थिक गतिविधि विस्तार गरिनेछ।

९७. सडक निर्माण तथा स्तरोन्नतिका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी आवश्यक बजेट तथा कार्यक्रम सञ्चालन गरिनेछ।

९८. सडक निर्माण गर्दा वातावरण संरक्षण, भू-क्षय नियन्त्रण तथा सुरक्षित सडक प्रयोगलाई प्राथमिकता दिइनेछ।

९९. गाउँपालिका क्षेत्र भित्र तथा बाहिर यातायातको सुविधा पुर्याउन यातायात गुरुयोजना तयार भईसकेकोले सोहि अनुसार कार्य अगाडी बढाईनेछ।

कमल बहादुर गडसिला
अध्यक्ष

१००. योजनाको फर-फारक गर्ने चाप आर्थिक वर्षको अन्तिम चौमासिकमा बढी पर्दै गएको कारण त्यसमा न्यूनिकरण गर्न बजेट कार्यान्वयन कार्यतालिका बनाई लागू गरिनेछ ।

१०१. गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको आधारमा रही बालमैत्री, अपाङ्गमैत्री, भूकम्प प्रतिरोधात्मक वातावरण तथा सरसफाईमैत्री र अग्नी सुरक्षित बनाइनेछ ।

१०२. गाउँको व्यवस्थित बस्ति निर्माणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी, निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणबद्धरुपमा तालिमको ब्यवस्था गरिनेछ ।

१०३. उपभोक्ता मार्फत सञ्चालन गरिने योजनाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकासको तालिम सञ्चालन गरिनेछ ।

१०४. विद्युत सेवा विस्तारलाई पूर्णता दिन नेपाल विद्युत प्राधिकरण तथा संघीय सरकारसँग सहकार्य गरी आवश्यक पहल गरिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

## घ. वन, वातावरण तथा विपद व्यवस्थापन

१०५. "वृक्षारोपण गरौं: वन जोगाऔ" भन्ने अभियान संचालन गर्दै बाढी पहिरो तथा भुक्षय सम्भावित क्षेत्रहरुको पहिचान गरी वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

१०६. गाउँपालिका क्षेत्रभित्र रहेका वन, जैविक विविधता तथा प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र दिगो उपयोगका लागि सामुदायिक वन तथा निजी वनसँग सहकार्य गरिनेछ ।

१०७. सामुदायिक वनमा रहेको कोषको परिचालनलाई प्रभावकारी बनाउन अनुगमन प्रणालीको विकास गरिनेछ । सामुदायिक वनबाट संकलन भएको राजश्वको कम्तीमा १० प्रतिशत रकम पालिकामा अनिवार्य रुपमा बुझाउनु पर्ने नीति लिइनेछ ।

१०८. वन डढेलो नियन्त्रण तथा रोकथामका लागि समुदायको सहभागितामा सचेतनामूलक कार्यक्रम, उपकरण व्यवस्थापन तथा द्रुत प्रतिकार्य प्रणाली विकास गरिनेछ ।

१०९. जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गर्दै वातावरण संरक्षणलाई स्थानीय विकास योजनासँग जोडिनेछ ।

११०. गाउँपालिका क्षेत्रका नदी, खोला, पानीका मुहान, पोखरी तथा सिमसार क्षेत्रको संरक्षण र पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

१११. वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने विकास आयोजनाहरूलाई कानुनी प्रक्रिया अनुरूप कार्यान्वयन गरिने व्यवस्था मिलाइनेछ ।

कमल बहादुर गडसिला
अध्यक्ष

११२. गाउँपालिका क्षेत्रभित्र सम्भावित प्राकृतिक तथा मानवजन्य विपद् (पहिरो, आगलागी, भूकम्प, डढेलो आदि) को जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार तथा पुनःस्थापनाका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

११३. स्थानीय विपद् व्यवस्थापन समिति तथा वडा स्तरका विपद् व्यवस्थापन समितिहरूलाई सक्रिय बनाई समन्वयात्मक रूपमा विपद् व्यवस्थापन कार्य सञ्चालन गरिनेछ।

११४. विपद् जोखिम न्यूनीकरणका लागि जोखिम नक्साङ्कन (Risk Mapping) तथा संवेदनशील क्षेत्रहरूको पहिचान गरी आवश्यक पूर्वतयारीका कार्यक्रम सञ्चालन गरिनेछ।

११५. विपद् व्यवस्थापनका लागि आवश्यक उद्धार सामग्री, उपकरण तथा राहत सामग्रीको व्यवस्था गरी द्रुत प्रतिकार्य प्रणाली विकास गरिनेछ।

११६. विपद् सम्बन्धी सचेतना अभिवृद्धि गर्न विद्यालय, समुदाय तथा सरोकारवाला निकायहरूसँग सहकार्य गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

११७. विपद् प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापनाका कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

११८. विपद् व्यवस्थापनमा नेपाल सरकार, प्रदेश सरकार, सुरक्षा निकाय, गैरसरकारी संस्था तथा स्थानीय समुदायसँग सहकार्य र समन्वय गरिनेछ।

११९. विपद् व्यवस्थापन कोषको प्रभावकारी परिचालन गरी आकस्मिक अवस्थाहरूमा तत्काल राहत तथा उद्धार कार्य सञ्चालन गरिने व्यवस्था मिलाइनेछ।

१२०. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन स्वयंसेवक परिचालन, तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

## ङ. सुशासन तथा सेवा प्रवाह

१२१. गाउँपालिकाको संस्थागत सुदृढीकरणका लागि आवश्यक कानुन, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू निर्माण तथा प्रभावकारी कार्यान्वयन गरिनेछ।

१२२. स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण, अध्ययन तथा अनुभव आदान-प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

१२३. सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्दै डिजिटल सेवा प्रवाह, विद्युतीय अभिलेख व्यवस्थापन तथा कार्यालय सञ्चालन प्रणालीलाई सुदृढ बनाइनेछ।

१२४. नागरिकलाई प्रदान गरिने सेवाहरूलाई व्यवस्थित बनाउन नागरिक वडापत्र, सेवा मापदण्ड तथा समयसीमा निर्धारण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१२५. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सार्वजनिक लेखापरीक्षण जस्ता उत्तरदायित्वका अभ्यासलाई नियमित रूपमा सञ्चालन गरिनेछ।

कमल बहादुर गडसिला
अध्यक्ष

CamScanner

१२६. सेवा प्रवाहमा भ्रष्टाचार, ढिलासुस्ती तथा अनियमितता नियन्त्रणका लागि आवश्यक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाइनेछ।

१२७. गाउँपालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन विषयगत शाखा तथा समितिहरूको भूमिकालाई थप सक्रिय बनाइनेछ।

१२८. कार्यालय व्यवस्थापन, अभिलेख व्यवस्थापन तथा दस्तावेज संरक्षण प्रणालीलाई व्यवस्थित र आधुनिक बनाइनेछ।

१२९. कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइ उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।

१३०. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की र बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवं फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।

१३१. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना कार्यान्वयन गर्न प्रत्येक वडामा दर्ता शिविर सञ्चालन गरिनेछ।

१३२. आन्तरिक आयलाई व्यवस्थापन गरी राजश्व परिचालनलाई थप प्रभावकारी बनाउन जोड दिइनेछ। गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

१३३. सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी तथा नागरिकमैत्री बनाउन प्रशासनिक सुधारका कार्यक्रम कार्यान्वयन गरिनेछ।

१३४. गुनासो सुनुवाइ प्रणालीलाई प्रभावकारी बनाइ नागरिकका गुनासा तथा सुझावहरूलाई समयमै सम्बोधन गरिने व्यवस्था मिलाइनेछ।

१३५. आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्दै वित्तीय अनुशासन, पारदर्शिता तथा उत्तरदायित्व कायम गरिनेछ।

१३६. स्थानीय तहका नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

१३७. सुशासन प्रवर्द्धन तथा संस्थागत सुदृढीकरणका लागि समुदाय, नागरिक समाज तथा संघसंस्थाहरूको सहभागिता अभिवृद्धि गरिनेछ।

१३८. उपभोक्ताहरुको हितलाई मध्येनजर राखि गुणस्तरीय उपभोग्य वस्तुहरुको उपयोग र बिक्री वितरण गर्ने कार्यलाई मर्यादित र व्यवस्थित गर्न बजार अनुगमन गर्ने कार्य अगाडि बढाईनेछ।

१३९. गाँउघर समाजमा उत्पन्न विवादको सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ता मार्फत सम्भव भएसम्म दुवै पक्षलाई मेलमिलाप र समझदारी गराई विवाद निरुपण गरिनेछ।

१४०. न्याय प्रणालीलाई पहुँचयोग्य र सरलिकृत गरी न्यायिक समितिमा दर्ता भएका मुद्दाको निष्पक्ष छानविन गरि न्याय निरुपण गरिनेछ।

कमल बहादुर गडसिला
अध्यक्ष

१४१. न्यायिक समितिका पदाधिकारी तथा गाउँ कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ।

१४२. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख वीच कार्यसम्पादन सम्झौता गरिनेछ। कार्यालय अन्तर्गत रहने शाखा, उपशाखा एवं कर्मचारीको कार्यविवरण स्वीकृत गरी कार्यान्वयनमा लगिनेछ।

**गाउँसभाका सदस्य ज्यू हरु,**

यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तयार गर्दा यहाँका नागरिकको आवश्यकता, स्थानीय स्रोत-साधनको सम्भावना, विगतका अनुभव तथा संघीय र प्रदेश सरकारका नीतिहरूसँग समन्वयलाई ध्यानमा राखिएको छ। प्रस्तुत नीति तथा कार्यक्रमले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, पर्यटन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकास लगायतका क्षेत्रलाई समेट्दै गाउँपालिकाको समग्र विकास र समृद्धिको मार्गचित्र प्रस्तुत गरेको छ।

हामीले सीमित स्रोत-साधनका बाबजुद पनि स्थानीय नागरिकको जीवनस्तर सुधार, रोजगारी सिर्जना, गुणस्तरीय सेवा प्रवाह तथा दिगो विकासका लक्ष्य हासिल गर्ने दृढ संकल्प गरेका छौँ। यसका लागि गाउँसभा, कार्यपालिका, कर्मचारी, नागरिक समाज, निजी क्षेत्र तथा सम्पूर्ण नागरिकको साझा प्रयास र सहकार्य अत्यन्त आवश्यक रहनेछ।

प्रस्तुत नीति तथा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्न सबै गाउँसभा सदस्यज्यूहरू, कर्मचारीहरू, राजनीतिक दलहरू, विभिन्न संघ-संस्थाहरू तथा आम नागरिकहरूबाट सकारात्मक सहयोग र रचनात्मक सुझाव प्राप्त हुने विश्वास लिएको छु।

अन्त्यमा, नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग र समन्वय गर्नु हुने जनप्रतिनिधि, राष्ट्र सेवक कर्मचारी लगायत सबै सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। गाउँपालिकाको विकास, समृद्धि र सुशासनको यात्रामा साथ दिनुहुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम सफल कार्यान्वयनका लागि सबैलाई हार्दिक आह्वान गर्दछु।

धन्यवाद।

२०८३ बैशाख १२ गते शनिबार

कमल बहादुर गडसिला

अध्यक्ष

कमल बहादुर गडसिला
अध्यक्ष